## मिति २०७६।११।१९ गतेको छैठौं नगरसभाको पहिलो बैठकका निर्णयहरु

**निर्णय नं.१** वीरेन्द्रनगर नगरपालिका उपप्रमुख तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री मोहनमाया ढकालज्युबाट वीरेन्द्रनगर नगरपालिकाको विनियोजन ऐन,२०७६ प्रथम संशोधन र वार्षिक बजेट,योजना तथा कार्यक्रम संशोधन प्रस्ताव सभा समक्ष टेबुल भयो ।

**निर्णय नं.२** नगर कार्यपालिकाका निम्न विषयगत समितिहरुका संयोजकहरुले समितिको नामको वर्णानुक्रम अनुसार नगर कार्यपालिकाको अर्धवार्षिक प्रगति प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो ।

निम्न :

आर्थिक विकास समितिका संयोजक श्री राज बहादुर गुरुङ

पूर्वाधार विकास समितिका संयोजक श्री ध्रुव कुमार चपाईं

वातावरण तथा विपद समितिका संयोजक श्री टोप बहादुर दर्लामी

विधाययन समितिका संयोजक श्री डण्ड बि.क.

सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री निलकण्ठ खनाल

सामाजिक विकास समितिका संयोजक श्री यामुना नेपाली

**निर्णय नं.३** सार्वजनिक महत्वका विषयमा निम्न सदस्यज्युहरुले निम्न विषयहरु सभा समक्ष उठान गर्नुभयो ।

निम्न :

**(क) तृप्ती वि.क. वडा नं.११ :** जनता आवाश कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सेतो पुर्जा र ऐलानी जग्गामा बस्ने दलित समूदायको आवाश व्यवस्था साथै बाढि पिडितको दोस्रो किस्ताको राहत वितरण ।

**(ख) चुडामणी चपाई वडा नं.१२ :** अधिवेशन समयमै गर्नुपर्ने, सदस्यहरुको एकै किसिमको बसाई व्यवस्था, ७७ जिल्ला सहितको डायरी वितरण,नगरको भौतिक तथा वित्तिय प्रगतिको स्थिती, यस किसिमका कार्यक्रमहरु सञ्चालन गर्दा पत्रकारलाई समेत उपस्थित गराउनुपर्ने,वडामा नगर गौरवका योजनाहरु,लगत कट्टाको काम,सुकुम्वासी समस्या समाधान,कर्मचारी उत्प्रेरणाको काम,गोल्डेन हेन्ड चेक,दण्ड पुरस्कारको अभियान तथा प्रभावकारी योजना अनुगमन ।

Scanned with CamScanner

**(ग) थिर बहादुर शाही वडा नं.८:** मेला महोत्सव व्यवस्थापनको कार्य चुनौतिपुर्ण बन्दै गएको,कानून कार्यान्वयनको विषय,कालोपत्रे सडक सँगै सडक बत्ति,नाला लगायतको समग्र लागत तथा सम्बन्धीत निकाय सँगको समन्वय,नगर विकास कोषबाट वहालमा लिएका जग्गाको प्रयोगको अनुगमन तथा जग्गा कित्ताकाटको काम ।

**(घ) अर्जुन सुवेदी वडा नं.११** पुरानो अस्पताल देखी नेवारे सम्मको हटलाईनमा पर्ने रुखको व्यवस्थापन,गाग्रेताल देखी रत्न राजमार्ग जोड्ने बाटोको योजना निर्माणमा प्राविधिक सहयोग तथा योजनाको प्राविधिक गुणस्तर सगै प्रदेश र स्थानीयतहको एकै किसिमको मापदण्ड र समयमै सरसरफाईकर्मीको तलब भुत्तानी ।

**(ङ) कृष्ण प्रसाद तिवारी वडा नं.११** समयमै कर्मचारी व्यवस्थापन,कृषि क्षेत्रको सुधारको योजना तथा शहरी स्वास्थ्यको भवन व्यवस्थापन ।

**(च) डम्बर नेपाली वडा नं.१** नगर महत्वको योजना,घण्टाघर पार्क निर्माण,नगर हरियाली कार्यक्रम तथा बैक स्टेटमेन्ट अनुसार कार्यालयको हिसाब मिलान नभएको विषय प्रति असहमति ।

**(छ) कृष्ण प्र.गौतम वडा नं.४** नयाँ गुरुयोजना निर्माण कार्य,चकपथ,भेरीको खानेपानी योजना, खोके खोलाको पुल निर्माण, शहरी नापी तथा बसपार्क व्यवस्थापन,घण्टाघर पार्कको घडी तथा मालपोत कार्यालयको सेवा प्रवाह साथै वैज्ञानिक नापजाँच (शहरी नापी) र वडा नं.१ र ४ जोड्ने कल्भर्ट निर्माण,नीति निर्माणको प्रकियामा सुधार, पेश्की,बेरुजु नियमित र प्र.म.रोजगार कार्यक्रमको निश्चित मापदण्ड (एकिकृत योजना) ।

**(ज) डम्बर बहादुर लामीछाने वडा नं.१६** संशोधित कार्यक्रममा वडा नं.१५ र १६ को विधुतिकरणको प्रगति ,न.पा.को उत्तरी सिमाना तथा वडा नं. १६ मा महिला स्वरोजगार कार्यक्रम ।

**(झ) चन्द्रा कुमारी धामी वडा नं.१२** न्यायिक समितिको कार्य,विधार्थीको अनुपातमा शिक्षक दरबन्दी मिलान ,कृषिमा बिउ बिजन वितरणको विषय तथा पुर्वाधार विकास र गरिब सँग विश्वेश्वर कार्यक्रम संचालन र उप महानगरपालिका बनाउने योजना ।

**(ञ) परन बहादुर शाही वडा नं.९** विकासमा हुने ढिलासुस्ति,विधुत,खानेपानी,यातायात सँग संयुक्त अनुगमन र विकासमैत्री प्राविधिक ।

**(ट) लक्ष्मी कुमारी ज्ञवाली वडा नं.१५** विधुतिकरणको योजना,वडा नं.१५ को ३० लाख को वडा गौरवको योजनाको घटेको रकमको टेण्डर,वडा नं.१५ र १६ को शान्ति सुरक्षाको व्यवस्थापन तथा उपभोक्ता समितिको नाममा रहेको पेस्की र शहरी स्वास्थ्य ईकाइको योजना ।

Scanned with CamScanner

**(ठ) रमिला वि.क. वडा नं.३** शिक्षकको योग्यता र तह अनुसार प्र.अ. व्यवस्थापन,विधालय व्यवस्थापन समितिको क्षमता विकास,वडा शिक्षा समिति गठन तथा पूर्नगठन,शिक्षक प्रोत्साहन र दण्ड,शिक्षा शाखाका कर्मचारीको सेवाप्रवाह ।

**(ड) टिका वि.क. वडा नं.९** खानेपानीको उचित व्यवस्थापन,सुकुम्बासी समस्या समाधान तथा अधेरी गुफाको संरक्षण तथा उचित व्यवस्थापन गरी पर्यटन प्रर्वद्धन ।

**(ढ) रामकुमारी थापा वडा नं.३** जनसंख्यालाई प्राथमिकता दिई बजेट बाँडफाँड तथा वडा कार्यालयमा कर्मचारी व्यवस्थापन,ट्राफिक व्यवस्थापन साथै सडकमा सडक बत्ति पोलको उचित व्यवस्थापन तथा पतेनी लगायतका खानेपानिको मुहान संरक्षण र खोकेखोलाको तटबन्धन सगै सदस्यको मागको सुनुवाई ।

**(ण) रामकुमार दर्लामी वडा नं.१२** सभाका निर्णयहरु समयमै कार्यान्वयन,दाह संस्कार निर्माणको स्थलको योजना,कर वृद्धि संगै गुणस्तरिय विकास,विधालय र वडाको समन्वय,चौपाय व्यवस्थापन,विमानस्थल विस्तारको योजना तथा स्तरिय खेलकुद मैदान निर्माण र नगरमा रहेका मासू पसल,दुध डेरी,कृषिजन्य वस्तुको प्रर्वद्धन,पर्यटन सम्भावना अध्ययन ।

Scanned with CamScanner

## मिति २०७६।११।२० गतेको छैठौं नगरसभाको दोस्रो बैठकका निर्णयहरु

**निर्णय नं.१** नगर उपप्रमुखबाट सभा समक्ष प्रस्तुत (टेबुल) गरिएको विनियोजन ऐन २०७६ प्रथम संसोधन तथा चालु आर्थिक वर्षको बजेट,योजना तथा कार्यक्रम संसोधन सम्बन्धी प्रस्ताव र लेखा समितिको प्रतिवेदन माथी सचिवालयमा अग्रिम नाम टिपाउनुभएका निम्न सदस्यज्युहरुले निम्न विषयहरु सभा समक्ष उठान गर्नुभयो ।

**निम्न :**

(क) **टोप बहादुर रास्कोटी,वडा नं.२ :** लेखा समितिको प्रतिवेदनमा आर्थिक पारदर्शिता र वित्तीय अनुशासन कायम हुने गरि प्रतिवेदन आउनुपर्ने । योजना तथा कार्यक्रम संशोधनमा व्यापक छलफल र तयारी गर्नुपर्ने तथा विषयगत समितिका प्रतिवेदनहरुमा औल्याईएका विषयहरुको कार्यान्वयन अवस्था साथै नीतिगत बेरुजु र नियमित गर्नुपर्ने बेरुजुको बिषय,

(ख) **चुडामणी चपाई,वडा नं.१२ :** पेस्की बेरुजुलाई नियमन गरि आर्थिक अनुशासन कायम गर्ने तथा सवारी साधन मर्मतको खर्च,मसलन्द तथा विविध खर्च र भ्रमण खर्चमा विनियोजित विषय के मा खर्च हुने हो र सो लाई व्यवस्थित बनाउने विषय ।

(ग) **राम कुमार दलामी,वडा नं.१२:** जनजाती समुदायलाई बजेट विनियोजन तथा लेखा समितिको प्रतिवेदनको विषय ।

(घ) **कृष्ण प्रसाद गौतम,वडा नं.४:** बेरुजुको विषयमा नीतिगत रुपमा नै सुधार गर्नुपर्ने तथा चालु खर्चमा मितव्ययीता अपनाउँदै सरकार संचालनको विधि प्रकियालाई ध्यान दिदै समयमै सभा गर्नुपर्ने विषय ।

(ङ) **डम्बर नेपाली,वडा नं.१ :** लेखा समिति पुर्नगठन र समितिले दिएको प्रतिवेदनको विश्वसनियता साथै संचित कोषको खर्च प्रणाली तथा लेखा परिक्षक सभाबाट नियुक्ति गर्ने विषय ।

**निर्णय नं.२** नगर सभाका सदस्यहरुबाट विनियोजन ऐन २०७६ प्रथम संसोधन तथा चालु आर्थिक वर्षको बजेट,योजना तथा कार्यक्रम संसोधन सम्बन्धी प्रस्ताव र लेखा समितिको प्रतिवेदन माथी उठान भएका विषयहरुको सम्बन्धमा नगर उपप्रमुखबाट प्रतिबद्धता सहितको जवाफ प्रस्तुत भयो ।

**निर्णय नं.३**.नगर उपप्रमुख बाट सभा समक्ष प्रस्तुत (टेबुल) गरिएको विनियोजन ऐन २०७६ प्रथम संसोधन तथा चालु आर्थिक वर्षको बजेट, योजना तथा कार्यक्रम संसोधन सम्बन्धी प्रस्ताव व्यापक छलफल सहित सर्व सम्मत रुपमा स्वीकृत भयो । संशोधन सहित स्वीकृत भएको पाना संख्या छ यसै साथ टाँस गरिएको छ ।

Scanned with CamScanner

आर्थिक वर्ष २०७६।७७ को लागि संसोधित बजेटको संक्षेप रु हजारमा

| | |
|---|---|
| यस अवधिमा संघ र प्रदेश तर्फको योजना तर्फ थप भएको जम्मा | २९११८५ |
| स्रोत समितिको निर्णयानुसार योजना तथा कार्यक्रममा विनियोजित रकम | १४००००, |
| पूर्व विनियोजित बजेट | १२०७९३०.४ |
| संशोधनका लागि प्रस्तावित कूल बजेट | १६३९११५.४ |

**संघीय सरकारबाट प्राप्त योजनाहरु**

| क्र.सं. | योजनाको नाम ठेगाना | रकम |
|---|---|---|
| **क) स्थानीय पूर्वाधार विकास साझेदारी** | | |
| १ | छवि आधारभूत विद्यालय भवन निर्माण वी.न.पा.४ | ५००० |
| २ | शिव मा.वि. धुलियाविट भवन निर्माण वी.न.पा.११ | ५००० |
| ३ | विरुवावारी सडक स्तरोन्ती वी.न.पा.१२ | ५००० |
| ४ | सिद्देश्वरी मा.वि. भवन निर्माण वी.न.पा.१४ | ३००० |
| ५ | प्रदेश स्तरीय मगर संग्रहालय निर्माण वी.न.पा.९ | १००० |
| ६ | विद्धुतिकरण वडा नं.१५, १६ | ५००० |
| **ख) अपांग सशक्तिकरण एवं संचार केन्द्र (सहायक सामाग्री)** | | ७०० |
| **ग) अपांग पैरवी एवं सशक्तिकरण केन्द्र** | | ५०० |
| **घ) समपूरक तथा विशेष अनुदान** | | |
| १ | मंगलगढी-नेताचोक सडक निर्माण वी.न.पा ६ | १६३०० |
| २ | नेपाल राष्ट्रिय सामुदायिक मा.वि. भवन निर्माण वी.न.पा १३ विशेष अनुदान | ६००० |
| ३ | श्री ने.रा.आ.वि. भवन निर्माण वी.न.पा ८ विशेष अनुदान | ५९८४ |
| ४ | थाली खानेपानी आयोजना वी.न.पा १४ विशेष अनुदान | ४००० |
| | **जम्मा** | **५७४८४** |
| **ङ) अन्य कार्यक्रम** | | |
| १ | देउतिबज्यै मन्दिर पूर्वाधार | ५००० |
| २ | स्वास्थ्य संस्था वडामा भवन निर्माण | २३६२० |
| ३ | समाज कल्याण जेष्ठ नागरिक | १३०० |
| ५ | गरिवसंग विश्वेश्वर कार्यक्रम | ४९५ |
| ६ | राष्ट्रिय परिचयपत्र तथा पंजीकरण (MIS) कार्यक्रम | १५१३ |
| ७ | गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम | ५७९६ |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४७७ |
| | संघीय अन्य जम्मा | ३८२०१ |
| | **संघीय योजना तर्फ जम्मा** | ९५६८५ |

**प्रदेश सरकारबाट प्राप्त योजनाहरु**

| क्र.सं. | योजनाको नाम ठेगाना | रकम |
|---|---|---|
| १ | जनसेवा मा.वि. घुस्रा भवन निर्माण | २००० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| २ | हिमाली पुस्तकालय भवन निर्माण | ३००० |
| ३ | बाल मन्दिर प्रा.वि. भवन निर्माण | ३००० |
| ४ | हस्तविर प्रा.वि. भवन निर्माण | २००० |
| ५ | गुप्तीपुर सडक तथा नाला निर्माण | २००० |
| ६ | मसलाघारी खेलकूद मैदान निर्माण | २५०० |
| ७ | हटियालाईन सडक निर्माण | २००० |
| ८ | स्वास्थ्यचौकी भवन निर्माण घुस्रा | २५०० |
| ९ | ने.रा.मा.वि. पक्की भवन निर्माण वीनपा १५ देविस्थान | २००० |
| १० | सुर्यज्योति मा.वि. पक्की भवन निर्माण वीनपा १६ मेहली | २००० |
| ११ | प्रभात मा.वि. कोलडाँडा विद्यालय भवन निर्माण वीनपा २ | ५००० |
| १२ | भैरव मा.वि. विद्यालय भवन निर्माण वीनपा ४ | ५००० |
| १३ | ने.रा.आ.वि चिसापानी भवन तल्ला थप वीनपा ५ | ५००० |
| १४ | ने.रा.मा.वि. विद्यालय भवन निर्माण वीनपा ६ | ५००० |
| १५ | कोपिला प्रस्तावित मा.वि पर्सेनी वीनपा ९ | ३५०० |
| १६ | मंगलगढी प्रा.वि दिपनगर भवन निर्माण वीनपा १० | ३००० |
| १७ | जनचेतना प्रा.वि. सानो सुर्खेत भवन निर्माण वीनपा १० | ३५०० |
| १८ | शिव मा.वि धुलियाविट भवन निर्माण वीनपा ११ | ५००० |
| १९ | नेपाल राष्ट्रिय चन्द्रगंगा मा.वि. भवन निर्माण वीनपा ११ | ५००० |
| २० | अमरज्योति मा.वि. नेवारे भवन तला थप वीनपा १२ | ५००० |
| २१ | नेपाल राष्ट्रिय सा. विद्यालय भवन निर्माण वीनपा १३ | ५००० |
| २२ | प्लाष्टिक झोला मुक्त शहर निर्माण सहकार्य | २५०० |
| २३ | मगलगढी चोकदेखि क्याम्पस रोड सम्म जोडन सडक कालोपत्रे | ७००० |
| २४ | भ्यालिभ्यू होटल देखि उत्तर पिपल चौचारा सडक कालोपत्रे | ७०००० |
| २५ | नेताचोक देखि आँखा अस्पताल जोडने सडक नाला, फुटपाथ | ६५०० |
| २६ | SOS हर्मन माईनर विद्यालय शैक्षिक भवन निर्माण विशेष अनुदान | ४००० |
| २७ | मगर साँस्कृतिक संग्रहालय भवन निर्माण | ७५०० |
| २८ | सामाजिक सुरक्षा भवन तथा सेफ हाउस निर्माण | १०००० |
| २९ | दीर्घकालिन पुनस्थापना केन्द्र भवन निर्माण | १०००० |
| ३० | अपांग पुनस्थापना केन्द्र सुर्खेत भवन निर्माण | ५००० |
| | जम्मा | १९५५०० |
| | | २९११८५ |
| | यस अवधिमा संघ र प्रदेश तर्फको थप भएको जम्मा | १४०००० |
| | स्रोत समितिको निर्णयानुसार योजना तथा कार्यक्रममा विनियोजित रकम | १२०७९३०.४ |
| | **पूर्व विनियोजित बजेट** | १६३९११५.४ |
| | **संशोधनका लागि प्रस्तावित बजेट** | |

## चालु र पूँजीगत तर्फ र योजना तथा कार्यक्रमको संसोधन प्रस्ताव

### क) चालुतर्फ

| सि.नं | खर्च शिर्षक | कार्यक्रमको नाम | विनियोजित रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | २२२१३ | सवारी साधन मर्मत खर्च | १००० |
| २ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २००० |
| ३ | २२६१२ | भ्रमण खर्च | ११५० |
| ४ | २२७११ | विविध खर्च | ८०० |
| ५ | २२४११ | सेवा र परामर्श खर्च | ४५०० |
| | | चालुतर्फ जम्मा | ९४५० |

### ख)पूँजीगत तर्फ

| | | | |
|---|---|---|---|
| १ | | सार्वजनिक शौचालय सहकार्य | ३५०० |
| २ | | सवारी साधन खरिद | ८००० |
| ३ | | गाई गोरु ट्यागिङ तथा छाडा चौपाया ब्यवस्थापन | १५०० |
| ४ | | वसपार्क विस्तार : संरचना हटाउने र पार्किङ स्थल बनाउने वडा नं ६ | २०००० |
| ५ | | घण्टाघर- आचार्य चिया पसल सडक निर्माण वडा नं ८<br>(फुटपाथ, ग्रिनरी, नाला लगायत) | १०००० |
| ६ | | हटलाईन हरियाली (कालुङ्चोक- कटकुवा अस्पताल, गणेशचोक सडक ) | १०००० |
| ७ | | मंगलगढी लाटीकोईली सडक+नाला निर्माण वडा नं ९ | २०००० |
| ८ | | महिला सिप विकास भवन | ३००० |
| ९ | | वडामा संचालन हुने नगरस्तरीय पूर्वाधार आयोजना<br>(वडा नं १,२,३,४,५,७,१०,११,१२,१३,१४,१५ र १६) | ५४५५० |
| | | पूंजिगत जम्मा | १३०५५० |
| | | चालु तथा पूँजीगततर्फको कूल जम्मा | १४०००० |

**१३ वटा वडाहरुमा संचालन हुने नगरस्तरीय पूर्वाधार आयोजना**

१ बेल बहादुर गुरुग घर देखी रगुविर वि.क.को घरसम्म सडक स्तरोन्नती (पिच र नाला) वडा नं.१ ४१,९६,०००।-
२ एकता टोलको बाटोमा पक्की नाला निर्माण र बाटो स्तरोन्नती वडा नं.२ ४१,९८,०००।
३ रत्न राजमार्ग देखी मसुरिखेत (काठकुवा) सडक नाला निर्माण वडा नं.३ ४१,९६,०००।-
४ कृष्णटोलको ठाडो बाटो कालोपत्रे वडा नं.४ ४१,९६,०००।-
५ वडा कार्यालय भवन सम्पन्न गर्ने वडा नं.५ ४१,९६,०००।-
६ सरस्वती रामजालीको घर देखी पदमलिला प्रा.वी.काफलेको मिल सम्मको सडक कालोपत्रे र पक्की नाला निर्माण वडा नं.७ ४१,९६,०००।-
७ घुम्रा चोक देखी वडा कार्यालय मनिकापुर फलामे पुल सम्मको सडक स्तरोन्नती वडा नं.१० ४१,९६,०००।-
८ गाग्रेताल चोक रत्न राजमार्ग सडक स्तरोन्नती कालोपत्रे, वडा नं.११ ४१,९६,०००।-
९ त्रिवेणीचोक पानी टंकी सडक पक्की नाला निर्माण र स्तरोन्नती,वडा नं.१२ ४१,९६,०००।-
१० सहरी स्वास्थ्य केन्द्र गर्गरि भवन निर्माण, वडा नं.१३ ४१,९६,०००।-
११ छेडा दर्नाकोट सडक अन्तरगत ठुलो खोला सुनाखरी सडक स्तरोन्नती, वडा नं.१४ ४१,९६,०००।-
१२ तुलेडाँडा नउलेखोला देखी वडा कार्यालय पातिघारी सल्लेरी भालुखोला सडक निर्माण, वडा नं.१५ ४१,९६,०००।-
१३ वडा कार्यालय भवन निर्माण, वडा नं.१६ ४१,९६,०००।-

Scanned with CamScanner

गत आर्थिक वर्षमा स्वीकृत भई कार्यान्वयन हुन बाँकी कार्यपालिकाको २०७६।४।१ लगायतको निर्णयबाट क्रमागत गरी म्याद थप गरिएका चालु आर्थिक वर्षमा संचालन हुने/भएका नगर सभाको पुस्तिकामा समावेश गर्नुपर्ने योजनाहरुको विवरण

| क्र.सं. | योजनाको नाम | वडा नं. | चालु आर्थिक वर्षमा हुने भुक्तानी |
|---|---|---|---|
| १ | पक्की नाला निर्माण | १ | १४३०००००।०० |
| २ | ल्याण्डफिल साईट पहुंच मार्ग | १ | ७४१७८८।०० |
| ३ | वडा नं ३ का विभिन्न सडकहरुमा ग्राभेल | ३ | १०००००००।०० |
| ४ | अपांङग मैत्री शौचालय निर्माण (हरिडिलभूमि स्कूल) | ३ | ७००००००।०० |
| ५ | प्रदेश स्पताल देखि पश्चिम तर्फको सडक नाला निर्माण | ४ | ८८९७७०।०० |
| ६ | श्रीनगर र पञ्चकोशी टोल कालोपत्रे | ५ | २००००००००।०० |
| ७ | वडा गौरवको योजना (बोलपत्र शुभ कृति निर्माण सेवा) | ५ | ११६५०६०।९० |
| ८ | खानेपानी सहज पहुंच कार्यक्रम | ६ | ७००००००।०० |
| ९ | ताराभाँडा पसल देखि पश्चि तर्फको सडकमा नाला निर्माण | ६ | ३८८७५०।०० |
| १० | डिप बोरिङ | ७ | ८००००००।०० |
| ११ | १ घर २ विरुवा कार्यक्रम | ७ | २००००००।०० |
| १२ | घताने सुनारको घरदेखी दक्षिण तर्फको सडक कालोपत्रे (बोलपत्र) | ७ | १४४९४७६।५० |
| १३ | शहरी स्वा. केन्द्र भवन निर्माण | ८ | १५००००००।०० |
| १४ | वडा गौरवको सडक कालोपत्रे योजना (ठेक्का तथा उपभोक्ता समिति) | ८ | २७३३८१०।०० |
| १५ | वडामा विउविजन, च्याउ खेली, टनेल, पशुपालन | ८ | ४०००००।०० |
| १६ | View Tower निर्माण | ९ | ४००००००।०० |
| १७ | बामेखोला भेरी सडक ग्राभेल | १० | १५००००००।०० |
| १८ | कृषि प्राविधिक शिक्षालय स्थापना र संचालन | १० | १०००००००।०० |
| १९ | विभिन्न स्थानमा सडक ग्राभेल | १० | ३००००००।०० |
| २० | रत्न राजमार्ग गाग्रेताल नाला कटिङ, ग्राभेल (वोलपत्र एन.एस. वील्डर्स तथा उपभोक्ता) | ११ | ११८७०००।०० |
| २१ | बस्तीपुर सारुको घरदेखी देउतीबज्यै तटबन्द | ११ | ५००००००।०० |
| २२ | धुलियाविट सुब्बाकुना चौकेढुंगा चारकुने फायर लाइन | ११ | ५००००००।०० |
| २३ | पूर्वाधार टुक्रे योजना | ११ | १५०००००।०० |
| २४ | शिव मा. वि. धुलियाविट चर्पि निर्माण | ११ | ७००००००।०० |
| २५ | वस्तिपुर चोक रातोपुल | ११ | २००००००।०० |
| २६ | गाग्रेताल सेडा नाला निर्माण | ११ | १००००००।०० |
| २७ | विभिन्न स्थानमा सडक ग्राभेल | ८ | ३००००००।०० |
| २८ | वीरेन्द्रचोक सजावट | ६ | ५००००००।०० |
| २९ | सत्यनारायण मन्दिर दक्षिण कालिमाटी जाने सडक | ९ | ४००००००।०० |
| ३० | विउरेनी शान्तिपुर खानेपानी | ११ | १५०००००।०० |
| | कुल जम्मा | | २३६२५६५५।४० |

## वीरेन्द्रनगर नगरपालिका, सुर्खेतको छैठौं नगरसभामा संसोधनका लागि पेश प्रस्तावित बजेट, योजना तथा कार्यक्रम

तपसिल

| क्र. सं. | बिबरण | विनियोजन गर्नुपर्ने मौज्दात रकम | खर्च प्रस्ताव |
|---|---|---|---|
| १ | २०७६ भाद्र १ गतेको स्टेटमेण्ट अनुसार बैंक मौजदात (म.ले.प. प्रतिबेदनमा औल्याईएको बैंक मौजदात रकम रू २८७४४२७४४।२६ र श्रोत र दायित्व नखुलेको फरक रकम रू. ३२२३८६२१।३८ समेत गरी) | ३१९६८१३६५।६४ | |
| २ | चालु आर्थिक वर्षको योजनामा क्रमागत भनी रकम बाँडफाँड भएका योजनाहरु | | |
| | क) चालु आर्थिक वर्षको बजेटमा समावेश गरिसकिएको रकम | | ३००००००० ।०० |
| | ख) नगर महत्वको योजना (मंगलगढी-लाटीकोईली र घण्टाघर कालिन्चोक सडक) | | २००००००० ।०० |
| | ग) विभिन्न नगरस्तरीय गुरु योजना निर्माण तथा अध्ययन अनुसन्धान | | ५००००००।०० |
| | घ) घण्टाघर पार्क निर्माण | | ८००००००।०० |
| | ङ) दाहसंस्कार स्थल निर्माण | | ५०००००।०० |
| | च) सहकारी प्रवर्धन (गत आर्थिक वर्षमै कार्यक्रम सम्पन्न भई यो वर्षको बजेट बचेको) | १००००००।०० | १००००००।०० |
| | छ) नगर हरियाली (गत आर्थिक वर्षमै कार्यक्रम सम्पन्न भई यो वर्षको बजेट बचेको) | १५०००००।०० | १५०००००।०० |
| ३ | नगर कार्यपालिकाको २०७६।४।१ लगायतका बैठकबाट निर्णय भई अघिल्लो पानामा समेटिएका क्रमागत ३० वटा योजनाहरूको रकम | | २३६२५६५५।०० |
| ४ | क्रमागत योजनाहरुमा विनियोजन रकमले नपुग हुने योजनाहरुमा थप आवश्यक पर्ने रकम | | |
| | क) घण्टाघर पार्क निर्माण | | ९५८६०५।०० |
| | ख) घण्टाघर कालिञ्चोक सडक निर्माण | | ७३५५२७५।०० |
| | ग) कांक्रेबिहार लाटिकोईली सडक निर्माण | | १२४५५०१।०० |
| | घ) विविध आर्थिक सहायता (पत्रपत्रिका शुभकामना समेत) | | ५०००००।०० |
| | ङ) छोरी जन्म वचततर्फ | | २५००००।०० |
| ५ | कोष निकासा फिर्ता (कोलेनिका) (राष्टपति चुरे तथा प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ) | | २२६२६१८७।०० |
| ६ | प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गर्नुपर्ने | | ३०८१३६०।०० |
| ७ | संघीय सशर्त (शिक्षा, स्वास्थ्य, कृषि, पशु आदि) तर्फ फिर्ता गर्नुपर्ने | | १८२०३२५२।५८ |
| ८ | गत आर्थिक वर्षमा कन्टेन्जेन्सीमा खर्च भएको तर मलेपमा नपरेको रकम | | १२३०६६३५।०० |
| ९ | वडा नं. ७ को आन्तरिक आय फिर्ता बांकी (वडा नं. ७ को मात्र योजनामा बिभाजन गर्ने रकम) | | ९८९५०३।०० |
| १० | महिला स्वरोजगार कार्यक्रम दायित्व सरि चालु आ.ब.मा खर्च हुने रकम | | ४८०००००।०० |
| ११ | विभिन्न कर कट्टी दाखिला गर्ने रकम (कर, धरौटी दाखिला बांकी) | | २०२५००।०० |
| १४ | यूनिसेफ तर्फको भूक्तानी बांकी | | १७६४०३७।०० |
| १५ | प्रदेश आन्तरिक मामिला मन्त्रालय (वाढिपिडित शिर्षकको) बचत रकम | | ८०३०००।०० |
| | विनियोजन गर्नुपर्ने र खर्च प्रस्तावको जम्मा रकम | ३२२१८१३६५।६४ | १६४७११५१०।५८ |
| | **खर्च घटाई चालु आर्थिक वर्षमा विनियोजन गर्न मिल्ने जम्मा रकम** | १५७४६९८५५।०६ | |
| | **संचित कोषमा बाँकी राख्ने रकम** | १७४६९८५५।०६ | |
| | **स्रोत समितिको मिति २०७६।११।१४ को निर्णयानुसार योजना तथा कार्यक्रममा विनियोजन गर्ने रकम** | १४०००००००.०० | |

Scanned with CamScanner

# विनियोजन ऐन , २०७६ ( पहिलो संसोधन )

| दफा | साविकको | संसोधन | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | यस ऐनको नाम " वीरेन्द्रनगर नगरपालिकाको विनियोजन ऐन , २०७६ " रहेको छ । | यस ऐनको नाम " वीरेन्द्रनगर नगरपालिकाको विनियोजन ऐन पहिलो संसोधन, २०७६ " रहेको छ । | थप बजेट तथा कार्यक्रम प्राप्त हुन आएको । |
| २ | आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका , वडा समिति , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लेखित चालु खर्च , पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १, २०,७९,३०,४०० अक्षरुपी एक अर्व बिस करोड उन्नासी लाख तीस हजार चार सय रुपैया मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिमा सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । | आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगर कार्यपालिका , वडा समिति , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लेखित चालु खर्च , पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,६३,९१,१५,४०० अक्षरुपी एक अरव त्रिसठ्ठी करोड एकानब्बे लाख पन्ध्र हजार चार सय मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिमा सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । | थप बजेट तथा कार्यक्रम प्राप्त हुन आएको । |

## अनुसूची -१

( दफा २ सँग सम्बन्धित )

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
| १ | | नगर कार्यपालिका | २२८८६० | ५६४२४७ | ० | ७९३१०७ |
| २ | | वडा समिति | १५००० | २९४५५० | | ३०९५५० |
| ३ | | विषयथत शाखा र सामाजिक सुरक्षा र अन्य सशर्त अनुदान समेत | ५१९१७८।४ | | | ५१९१७८।४ |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | १५०० | ७५०० | | ९००० |
| ५ | | लगानी (शेयर / ऋण) र साझेदारी विकास कोष | ८२८० | ० | ० | ८२८० |
| | | कुल जम्मा | ७७२८१८।४ | ८६६२९७ | | १६३९११५।४ |

Scanned with CamScanner

**निर्णय नं.४** लेखा समितिको प्रतिवेदन र सो उपर सदस्यहरुले राख्नुभएको धारणाहरु सभाले आत्मसाथ गर्दै सो सुझावहरु एक महिना भित्रमा नतिजा आउने गरी बेरुजू फछ्यौट र न्यूनीकरण गर्न कार्यपालिका,वडा समिति र कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.५** पाचौं नगरसभाले प्रत्यायोजन गरेको अधिकार बमोजिम मिति २०७६।०३।१६ देखी २०७६।११।१८ सम्म नगर कार्यपालिकाको बैठकबाट बजेट योजना तथा कार्यक्रमको संशोधन बाँडफाँड गरी गरेका निर्णय र कार्यक्रमहरु समर्थन गरियो । र अब उप्रान्त कुनै बजेट,योजना संशोधन गर्नुपरेमा नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं.६** उपप्रमुखबाट नगर सभामा उठान भएका सम्रग विषयवस्तुहरु माथी क्रमश: समावेश गर्दै विकास निर्माणका कार्य गर्ने लगायतको विषयहरुमा प्रतिबद्धता सहित मन्तव्य प्रस्तुत भयो ।

**निर्णय नं.७** अध्यक्षबाट छैठौं नगरसभामा उठान भएका विषयवस्तुहरुको समग्र जवाफ संबोधन सहित समापन मन्तव्य दिदैं सभा सफलता पुर्वक सम्पन्न गर्न आफ्नो अमुल्य समय सल्लाह तथा सक्रिय सहयोग प्रदान गर्नुहुने नगरसभा सदस्य ज्यूहरु, विभिन्न विषयगत समितिहरुका पदाधिकारीहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, संचारकर्मी मित्रहरु, नगरपालिकाका कर्मचारी लगायत सम्पुर्णमा हार्दिक धन्यवाद सहित अध्यक्षबाट सभा समापन भएको घोषणा भयो ।

Scanned with CamScanner